अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु
१	ईच्छा कुमार श्रेष्ठ (वि.अ. को मु.नं. ०७९-CR-००९६), वि.अ. को फैसला मिति २०८०।११।२३	गैरकानूनी लाभ हानि लिनुदिनु गरी भ्रष्टाचार गरेको।	**क) डिभिजन प्रमुख इच्छाकुमार श्रेष्ठ र इन्जिनियर सन्तोषकुमार दासको हकमा** प्रतिवादीहरू इच्छाकुमार श्रेष्ठ र सन्तोषकुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) बमोजिमको कसूर भएको देखिदा निज प्रतिवादीहरु इच्छा कुमार श्रेक्ष्ठ र सन्तोष कुमार दासलाई विगो रू.३,०५,८१०।२० (अक्षेरूपी तीनलाख पाँचहजार आठसय दश पैसा बीस) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद र जरिवाना गरी विगो रकमरू. ३,०५,८१०।२० (अक्षेरूपी तीन लाख पाँचहजार आठसय दश पैसा बीस)समेत निज प्रतिवादीहरूबाटै सोही ऐनको दफा ८(१) बमोजिम असुलउपर हुन मागदावी लिइएको अवस्था छ । साथै निज प्रतिवादीहरूमध्ये इन्जिनियर सन्तोषकुमार दासले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) वमोजिमको कसूरमासोही ऐनको दफा	**विशेष अदालत काठमाण्डौवाट भएको मिति २०८१।०१।३१ को फैसला ।** प्रस्तुत मुद्दामा प्रतिवादीहरु इच्छाकुमार श्रेष्ठ, सन्तोषकुमार दास, मनोजकुमार खनाल, ध्रुवप्रसाद उपाध्याय, प्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड विल्डर्स प्रा.लि. उपरको आरोपदाबी पुग्न नसक्ने देखिएकोले निज प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर गरी विशेष अदालत काठमाण्डौवाट मिति २०८०।११।२३ मा फैसला भएको देखिन्छ। १) विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः क) प्रस्तुत मुद्दामा महेश निर्माण सेवाबाट "Construction of Outlets 12 " अर्थात १२ वटा Outlet हरु संरचना निर्माण भएको छ भन्ने भूमीगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको मिति २०७९/०२/२४ च.नं.४७० को पत्रबाट देखिएको (ख) सरकारी सरकारी साक्षीको रुपमा रहेका प्रकाश गौतम र दृग नारायण लोनियाले यस अदालत समक्ष बकपत्र गर्दा सम्पूर्ण Outlet निर्माण भएको भनी उल्लेख गरेको देखिएको	**विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु इच्छाकुमार श्रेष्ठ, सन्तोषकुमार दास, मनोजकुमार खनाल, ध्रुवप्रसाद उपाध्याय, प्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड विल्डर्स प्रा.लि. लाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला उपर श्री सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्नुपर्ने आधार र कारणहरु :** **क.** नवलपरासी जिल्लाको सरावाल गाउँपालिका पेटवनिया डिप ट्युवेल-२ (DTW-2)मा OH tank and Pump house, MS Fittings, Washout box, Surgeriser,Outlets UPVs pipe निर्माण कार्य गर्न आ.व. २०७४।७५ मा रू ४०,९६,८२६।०३ लागत अनुमान स्वीकृत भै ठेक्काद्वारा काम गर्न निर्माण व्यवसायी श्री महेश निर्माण सेवासँग मिति २०७४।११।३० मा रू २८,१५,०३१।२५ मा ठेक्का सम्झौता भएकोमा अन्तिम विल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदनबमोजिम रू २८,१४,२२५।६८ भुक्तानी भएको अवस्था देखिन्छ र यसमा सि.डि.इ. होमनाथ पौडेलसमेतको टोलीले मिति २०७६।५।१८ मा र शा.अ. सुरेश भुसालसमेतको टोलीले मिति २०७७।७।२ मा पेश गरेको फिल्डप्रतिवेदनहरूमा उल्लेख भएअनुसार कार्यालयबाट भएको स्थलगत अनुगमन र उपभोक्ताहरूले गरिदिएको सर्जमिन मुचुल्काअनुसार उक्त योजनामा नापी किताबमा उल्लेख भएअनुसार Punning, पेन्टिङ कार्य फिल्डमा नभएको देखिएको नापी किताबमा उल्लेख भएको Surgeriser निर्माण कार्यमा नापी परिमाणबमोजिम केही Item काम नभएको पाइयो भन्ने उल्लेख भएकोमा सो समेतलाई आधार लिई मिसिल संलग्न प्रमाण कागजको समुच्च मूल्यांकन गरी फैसला गर्नुपर्नेमा मिसिल संलग्न प्रमाण कागजको वेवास्ता गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **ख.** प्रतिवादी इच्छाकुमार श्रेष्ठले आ. व. ०७४।७५ मा हुँदै नभएको १० वटा Outletको भुक्तानी गरेको अवस्थामा नै सो कुरा थाहा पाई जानीजानी भुक्तानी दिएको साथै इन्जिनियर सन्तोषकुमार दासले आफूलाई तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक आयोजनाको सुपरिवेक्षण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			१९(२) बमोजिम कैद तथा जरिवानाको समेत सजाय हुन समेत मागदावी लिइएको अवस्था छ। ख. महेश निर्माण सेवा बर्दघाट-४ नवलपरासीका प्रोप्राइटर तथा मिति २०७६।५।४ देखि महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का सञ्चालक ध्रुर्वप्रसाद उपाध्याय, महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. का प्रबन्ध निर्देशक मनोजकुमार खनाल,महेश निर्माण सेवाका आधिकारिक प्रतिनिधि प्रकाश भट्टराई र महेश इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. बर्दघाट-४ बर्दघाट नवलपरासीको हकमा महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का सञ्चालक ध्रुवप्रसाद उपाध्याय,महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का प्रबन्ध निर्देशक मनोजकुमार खनाल,महेश निर्माण सेवावाट उल्लिखित ठेक्काको निर्माण कार्य गर्न अधिकार पाएका आधिकारिक प्रतिनिधि प्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. बर्दघाट- ४ बर्दघाट नवलपरासीले भ्रष्टाचार		अनुगमनमा खटिई, निर्माण सम्पन्न भएको कामको मात्र स्थलगत नापजाँच गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियम, ठेक्का सम्झौताका शर्तअनुसार पछिसम्म फरक नपर्ने गरी भएको कामको मात्र एकिन गरी भुक्तानीका लागि सिफारिश गर्नुपर्नेमा सो विपरीत कार्यालयको आ.व. ०७४।७५ को ठेक्का नं.IWRMP-AP/W/GW-Nawalparasi/074/75/Petbaniya DTW/97/5 को Construction of Pumphouse, OHT Distribution System (DTW-2)मा निर्माण नै नभएका १० वटाoutlet समेतका अन्य केही संरचनाहरू समेतको मूल्याङ्कन गरी अन्तिम बिल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरीरू.३,०५,८१०।२० बढी भुक्तानीको लागि सिफारिस गरी सोहि सिफारिश अनुसार कार्यालय प्रमुख इच्छा कुमार श्रेष्ठबाट काम नै नभएको कार्य भएको भनी जानी जानी रु. ३,०५,८१०।२० बढि भुक्तानी गरी नेपाल सरकारलाई रु. ३,०५,८१०।२० हानि नोक्सानी पुर्याएको अवस्था पुष्टि हुन आएको र प्रतिवादीहरू इच्छाकुमार श्रेष्ठ र सन्तोषकुमार दासलाई आरोपपत्र वमोजिम नै कसूर ठहर गरी सजाय गर्नुपर्नेमा सव तर्फ अन्देखा गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण रहेकोले वदरभागी छ । **ग.** नापी किताबमा उल्लेख भएको कुल १२ वटा Outlet र alfa valve को कार्य नमुनाको रूपमा नापजाँच गर्दा परिमाणबमोजिम रहेको पाइयो भनी उल्लेख गरी जसमध्ये १० वटा Outlet को निर्माण कार्य मर्मत भनेर आ. व. २०७५।७६ मा पुनः कार्य गरेको अवस्था देखिएको सन्दर्भमा उपस्थित उपभोक्तासँग बुझ्ने क्रममा निर्माण व्यवसायीले कार्य नगरेको तर पुरै भुक्तानी भएकोले अधुरो निर्माण कार्यलाई यस आ.व. मा मर्मत नाम दिएर निर्माण कार्य सम्पन्न गरेको भन्ने स्थलगत मुचुल्का समेतबाट देखिन्छ ।सोही योजनामा सार्वजनिक खरिद ऐनअनुसार त्रुटि सच्याउने समय (DLP)१ वर्ष रहने भएतापनि मर्मत कार्य गर्ने भनी उपभोक्ता समितिसँग आ. ब.२०७५।७६ मा रू. ५,०३,७५३।४७ को सम्झौता भई रू. ४,६६,९५३।०० भुक्तानी भएको देखिन्छ।स्थलगतरूपमा उपभोक्ता र कार्यालयको प्राविधिक कर्मचारीले ठेक्काद्वारा सम्पन्न भनिएको निर्माण कार्यको कतिपय Item सम्पन्न नभएकोले सो कार्य मर्मतअन्तर्गतबाट आ. ब. २०७५।७६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादीहरुमहेश निर्माण सेवा बर्दघाट-४ नवलपरासीका प्रोप्राइटर तथा मिति २०७६।५।४ देखि महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का सञ्चालक ध्रुवप्रसाद उपाध्याय, महेश निर्माण सेवाको सम्पूर्ण दायित्व सरेको महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. बर्दघाट-४ बर्दघाट नवलपरासीका प्रबन्ध निर्देशक मनोजकुमार खनाल, महेश निर्माण सेवाको आधिकारिक प्रतिनिधि प्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. बर्दघाट-४ बर्दघाट नवलपरासीलाई विगो रू.३,०५,८१०।२० (अक्षेरूपी तीनलाख पाँचहजार आठसय दश पैसा बीस) विगो कायम गरि सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी विगो रकम रू. ३,०५,८१०।२० (अक्षेरूपी तीनलाख पाँचहजार आठसय दश पैसा बीस)समेत निजहरूबाटै सोही ऐनको दफा ८(४) बमोजिम जफत हुन		मा सम्पन्न भएको भन्ने देखिन्छ।स्थलगतरूपमा हेर्दा Outlet जस्तो संरचना पक्की संरचना रहेको र सो संरचना भत्किन गएको भनी मान्नसकिने अवस्था नदेखिएको साथै उपभोक्ताहरुको स्थलगत मुचुल्का समेतबाट उक्त कार्यहरु निर्माण व्यवसायीबाट निर्माण नभएको र निर्माण व्यवसायी महेश निर्माण सेवाबाट ठेक्का मार्फत निर्माण कार्य गर्न ठेक्का सम्झौता गरी उक्त नभएको कार्य समेत भएको भनी कार्य सम्पन्न प्रतिवेदन तयार र प्रमाणित गरी भुक्तानी समेत गरेको र सोही कार्यमा दोहोरो पारी उपभोक्ता समिति मार्फत काम गराई पुन रकम भुक्तानी गरेको र उल्लेखित महेश निर्माण सेवा संग गरिएको ठेक्का सम्झौता बमोजिमको भएको कार्यमा सम्पन्न नभएको कार्य र दोहोरो भुक्तानी भएकोसमेत गरी जम्मा रू. ३,०५,८१०।२० निर्माण नभएको कार्यको बढी भुक्तानी भएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **घ.** पेटवनिया डिप ट्युवेल-२ (DTW-2) मा आ. ब. २०७४।७५ मा ठेक्काको कार्यमा सिमेन्ट पनिङ्ग कार्य, पेण्टिङ्ग कार्य,Sailent feature लेख्ने कार्य, इट्टाको गारो लगाउने कार्य, प्लाष्टर कार्यको रु. ५६,७४०।०० हुँदै नभएको कार्यको भुक्तानी भएको र महेश निर्माण सेवालाई ठेक्काबाट भएको कार्यमा मर्मत संभार अवधि (DLP) भित्र निर्माण व्यवसायीवाट गराउनुपर्ने कार्य अर्को आ.ब. २०७५।७६ मा उपभोक्ता समितिवाट मर्मत गराई रु. २,१५,९१८।४५ भुक्तानी भएको देखिएको र निर्माण व्यवसायीलाई ठेक्कामा लगाइएको आ. व. मा काम नभईकन भुक्तानी भएको रकम रु.२,४९,०७०।२० (मू.अ.क. बाहेक)भुक्तानी भएको देखिएको भन्ने एकै व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको प्राबिधिक सहितको दुवै स्थलगत प्राविधिक प्रतिवेदनमा उल्लेख भएको र सो कुरा प्रतिवादीहरुले अनुसन्धानका क्रममा स्वीकार गरेको साथै प्रतिवादीहरूले सम्पन्न नभएको कार्यको रू. ५६,७४०।०० (मू.अ.क. बाहेक)तथा अघिल्लो वर्षको ठेक्कामा काम नै नगरी भुक्तानी भएको रू. २,४९,०७०।२० (मू.अ.क. बाहेक)समेत गरी निर्माण व्यवसायी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			मागदावी लिइएको अवस्था छ।		महेश निर्माण सेवा (मिति २०७६।५।४ देखि महेश निर्माण सेवाको सम्पूर्ण दायित्व व्यहोर्ने गरी महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. भएको) लाई नभएको/नगरेको कार्यका लागि मु.अ.क. बाहेक रू. ३,०५,८१०।२० (अक्षरूपी तीनलाख पाँचहजार आठसय दश पैसा बीसमात्र) गैरकानुनी तरीकाले बढी भुक्तानी गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याउने कार्य गरेको देखिएको साथै उक्त योजना निर्माण गर्ने व्यवसायी महेश निर्माण सेवाले सम्झौताबमोजिमको योजना सम्पन्न नगरी उक्त योजना सम्पन्न भएको भनी गलत मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन बनाउन लगाई आफूसमेतले गैरकानुनी लाभ लिने कार्य गरेको देखिरहेको अवस्थामा महेश निर्माण सेवाबाट "Construction of Outlets 12 " अर्थात १२ वटा Outlet हरु संरचना निर्माण भएको छ भन्ने भूमीगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको मिति २०७९/०२/२४ च.नं.४७० को पत्रबाट देखिएको भन्ने आधार ग्रहण गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।
					ङ. ठेक्का नं.IWRMP-AP/W/GW-Nawalparasi /074/75/ Petbaniya DTW/97/5 को Construction of Pumphouse, OHT distribution System (DTW-2) मा निर्माण सम्पन्न गर्ने जिम्मेवारी भएको निर्माण कम्पनी महेश निर्माण सेवा बर्दघाट-४ नवलपरासीका प्रोप्राइटर तथा मिति २०७६।५।४ देखि महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का सञ्चालक ध्रुवप्रसाद उपाध्याय, महेश निर्माण सेवाको सम्पूर्ण दायित्व सरेको महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. बर्दघाट-४ बर्दघाट नवलपरासीका प्रबन्ध निर्देशक मनोजकुमार खनाल,महेश निर्माण सेवाको आधिकारिक प्रतिनिधिप्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. बर्दघाट-४ बर्दघाट नवलपरासीलेआफूले सम्पन्न गर्नुपर्ने आउटलेटसमेतका संरचनाहरू निर्माण नै नगरी भुमिगत जलश्रोत तथा सिचाई विकास डिभिजनसंग भएको शर्त तथा सम्झौता विपरीत झुटो नापी किताव, विल भरपाइ र कार्य सम्पन्न प्रतिवेदन बनाई भुक्तानीका लागि पेश गरी रू.३,०५,८१०।२० बढी भुक्तानी लिई आफूले गैरकानूनी लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएकोले महेश निर्माण सेवाका प्रोप्राइटर तथा मिति २०७६।५।४ देखि महेश इन्जिनियरिङ एण्ड

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

					बिल्डर्स प्रा. लि. का सञ्चालक ध्रुवप्रसाद उपाध्याय,महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा. लि. का प्रबन्ध निर्देशक मनोजकुमार खनाल,महेश निर्माण सेवाबाट उल्लिखित ठेक्काको निर्माण कार्य गर्न अधिकार पाएका आधिकारिक प्रतिनिधि प्रकाश भट्टराई र महेश इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. बर्दघाट- ४ बर्दघाट नवलपरासीलेभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूर गरेको भन्ने प्रष्ट देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फेसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । **च.** प्रतिवादीहरूमध्ये इन्जिनियर सन्तोषकुमार दासले योजनाको फिल्डमा भएको कार्यको एकिन गरी वास्तविक नापजाँच गर्नु पर्नेमा सो नगरी १० वटा outlet समेतको कार्य नै नभएको अवस्थामा सो कार्यसमेत सम्पन्न भएको भनी गलत प्रतिवेदन तयार गरेको र डिभिजन प्रमुख इच्छाकुमार श्रेष्ठले उक्त प्रतिवेदनलाई एकिन गरी प्रमाणित गर्नु पर्नेमा हचुवाको भरमा सही गरी प्रमाणित गरी सोही प्रतिवेदनका आधारमा रकम भुक्तानीसमेत गरेको हुँदा निज प्रतिवादीहरूइच्छाकुमार श्रेष्ठ र सन्तोषकुमार दासलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) वमोजिमको कसूरमा सोही ऐनको दफा १९(२) बमोजिम कैद तथा जरिवाना हुनुपर्नेमा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । **प्रस्तुत मुद्दामा उल्लेखित आधार कारण र प्रमाणहरुबाट विशेष अदाल काठमाण्डौबाट प्रतिवादीहरु इच्छाकुमार श्रेष्ठ सन्तोष कुमार दास अर्जुनकुमार क्षेत्रीलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएव प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले पुनरावेदन गर्नु पर्ने देखिएको।**